CIVIC ACTION TEAMS

Coronavirus CivActs Campaign presents

# FAIR FACTS

अंक १०९

२४।०२।२०७८




## कोभिडको कारणले निधन भएका बुवाको सम्झनामा रोशी अस्थाई अस्पताललाई सहयोग सामाग्री प्रदान गर्दै छोरा भक्त लामा ।

*तस्विर: रोजन तामाङ*



चीन सरकारबाट अनुदानमा प्राप्त भेरोसेल खोप ६० देखी ६४ वर्ष उमेर समुहका व्यक्तिलाई २०७८ जेष्ठ २५ गतेबाट लगाइँदै ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**कालो ढुसी कोभिड - १९ का सबै बिरामीमा देखिन्छ भन्ने हल्ला छ ।**

कोभिड - १९ को संक्रमण भएका सबै बिरामीमा यो रोग देखिदैन ।

**२४ सै घण्टा बिरामीको सेवामा खटिने स्वास्थ्यकर्मी आफु संक्रमित हुँदा एक्लै ।**

परिवारको साथ र सहयोग चाहिनेबेलामा उनी २० दिन बन्द कोठामा एक्लै बसे ।

**लकडाउनको अवधीमा दर्ता भएका जम्मा घटना मध्ये १४८ वटा घटना हिंसात्मक ।**

सरकारलाई जवाफदेही बनाउन नागरिक गैह्रजिम्मेवार बनिरहेको दृष्यले राम्रो संकेत गर्दैन।

# फ्याक्ट सिट

## विभिन्न मित्र राष्ट्र तथा संघसंस्थाबाट नेपाल सरकारलाई सहयोग बापत प्राप्त स्वास्थ्य सामाग्री तथा उपकरण




रेपिड एन्टिजेन टेस्ट
**१,२७,६५,०२५ थान**



पिसिआर टेष्ट किट
**१,४०,७६० थान**



पल्स अक्सिमिटर
**४६०० थान**



अक्सिजन कन्सन्ट्रेटर
**११८ युनिट**



भेन्टिलेटर
**७१ थान**



अक्सिजन सिलिण्डर
**१,०१० थान**



मास्क
(केएन ९५ र सर्जिकल)
**५१,८७,३०० थान**



ग्लोब्स्
**२६,६४,५०० थान**



पिपिई
**१९,५२० थान**



फेस सिल्ड
**३,९६,२०० थान**

चीन, स्पेन सरकार, स्वीजरल्याण्ड, संयुक्त राज्य अमेरिका, टेमासेक फउण्डेसन, बेलायत, फिनल्याण्ड, थाइल्याण्ड, One Heart Worldwide Nepal, आई.एम.ई. ग्रुप, फ्रान्स, युएइ, बेल्जीयम, कोरिया र गैह्र आवासिय नेपाली संघ मध्यपूर्वबाट नेपाल सरकारलाई प्राप्त सामाग्रीको विवरण मे, २०२१ देखी ७ जुन, २०२१ सम्मको हो । यो अवधीमा माथी उल्लेख गरिएको बाहेक केही अन्य सामाग्री पनि प्राप्त भएको छ ।

Source: https://www.facebook.com/mohpnep

# हल्ला र तथ्य

अहिले कोभिड - १९ का बिरामीको आँखामा कालो ढुसी देखीने नयाँ रोग आएको छ रे, यो त अझै डरलाग्दो छ भन्छन् । विस्तारै कोभिड - १९ का सबै बिरामीमा देखिन्छ भन्ने हल्ला पनि छ ।

अहिले कोभिड - १९ का बिरामीमा देखिएको म्युकोर्माइकोसिस् (आँखामा देखिने कालो ढुसी) नयाँ रोग होइन । यो प्राय रोग उच्च मधुमेह, बिरामीको उपचार पश्चात र केही मात्रामा क्यान्सरका बिरामीको उपचारको क्रममा हुने रोग प्रतिरोधात्मक क्षमतामा आउने ह्रासका कारणले देखा पर्दछ । यसको संक्रमण कोभिड - १९ बिरमीको उपचारकै क्रममा र संक्रमण भएको १० देखी ६० दिन भित्र पनि देखिएको छ । यसो भन्दैमा कोभिड - १९ को संक्रमण भएका सबै बिरामीमा यो रोग देखिदैन । यसको उपचार छ र त्यो उपचार भनेको रोग प्रतिरोधात्मक क्षमताको विकास हुनु हो । त्यसको उपचारको लागि एक हप्ता देखी महिना दिन सम्म समय लाग्न सक्ने भनिएको छ ।

Source: https://drive.google.com/file/d/1XZ_3BxuvJZyB2qPAdlxgRH0pMMXJajAz/view

सरकारले कोभिड - १९ को पहिलो मात्रा खोप लगाउने प्रयोजनको लागि अनलाईन फारम भर्न भनेको थियो, दुर्गमका नागरिकले कसरी भर्ने यो फारम ? यो फारम नभरेपछि खोप लगाउन नपाईने त होईन नी ?

दुर्गम वा इन्टरनेटको सुविधा नभएका ठाउँका लागि नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा गएर फारम भर्ने व्यवस्था मिलाईएको छ । यसरी पहिले नै फारम भरिएका व्यक्तिलाई पछि खोपको उपलब्धता र उमेर समुहको प्राथमिकताका आधारमा छुट्टै लाईनको व्यवस्था गरी खोप लगाईने छ । तर, पहिले फारम नभरेकालाई खोपबाट बञ्चित भने गरिने छैन ।

Source: https://www.mofaga.gov.np/news-notice/2401

निषेधाज्ञाको अवधीमा खाद्यन्न तथा खाना पकाउने ग्याँसमा २० प्रतिशत छुट पाईन्छ भनेको थियो, खै त झनै मुल्य बढेको छ त ?

निषेधाज्ञाको अवधीभर खाद्य तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कम्पनीबाट विक्री हुने चामल, पिठो, दाल, नुन, खानेतेल, चिनी र खाना पकाउने ग्याँसको बिक्री मुल्यमा २० प्रतिशत छुट पाईने भनेको हो । जुनसुकै खुद्रा पसलमा यो छुट लागु हुँदैन ।

Source: https://mof.gov.np/uploads/document/file

# कोभिड - १९ को अवधिमा विवाद

## लकडाउनको अवधीमा उठेका कालो बजारी, विरोध, तोडफोड लगायतका घटनाहरू

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा **भ्रष्टाचार, अप्रभावकारी व्यवस्था र इमानदार नेतृत्वको कमीले ?**

COCAP

### फेब्रुअरी २०२० देखी मार्च २०२१ सम्म दर्ता भएका घटनाहरू




**७०२ घटना दर्ता**

- **१४८** हिंसात्मक
- **५५४** अहिंसात्मक
- **२३८** जना घाईते
- **२** जनाको मृत्य

*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरू, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरू र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

माथीको तथ्यांकले जनवरी २०२० देखी हाल सम्म नागरिक र सरकार बिच उत्पन्न भएका विवाद/प्रतिरोधका घटनाको बृद्धिदरलाई देखाउँछ । ति घटना मध्ये, सरकारले वितरण गर्ने राहतसँग सम्बन्धित (१६%), बजारमा हुने अनियमिततासँग सम्बन्धित (८%), लकडाउनको विरुद्धमा (३९%), पूर्वाग्रह र भेदभावसँग सम्बन्धित (१०%) र क्वारेन्टाईन व्यवस्थापनसँग सम्बन्धित (१०%) घटनाहरू थिए । दर्ता भएका जम्मा घटना मध्ये १४८ वटा घटना हिंसात्मक थिए, जस मध्ये, २३८ जना घाईते हुनुका साथै २ जनाको मृत्यु भएको थियो ।

यि घटनाहरू दुबै, सरकार र नागरिकको गैह्र जिम्मेवारीका कारण घटेको देखिन्छ । तर, किन घटे भन्ने प्रश्न महत्वपूर्ण हो । किन लकडाउनकै समयमा ति घटनाहरू घटे त ? किन नागरिकहरू सरकारले तय गरेका नियमको पालना गर्न छोडेर बढी आक्रामक हुँदैछन् त ? यस्ता घटनाहरूलाई रोक्न/न्युनिकरण गर्न सरकारले भविश्यमा तथ्यांकको विश्लेषण गर्न जरुरी छ । सरकारलाई जवाफदेही बनाउन नागरिक गैह्रजिम्मेवार बनिरहेको दृष्यले राम्रो संकेत पक्कै पनि गर्दैन । त्यसैले यो विषयलाई सरकारले प्राथमिकतामा राख्न आवश्यक छ ।

Source: https://nepalmonitor.org/

## खाडीबाट नेपाल आउँदा ५ दिन र अन्य देशबाट आउँदा १० दिन अनिवार्य होटल क्वारेन्टाइनमा बस्नुपर्ने

• जुन ७ देखी दोहा-काठमाण्डौ हरेक हप्ता सोमबार उडान हुने भएपछी नेपाल स्थित कतार भिषा सेण्टर खुल्ने भएको छ ।

• वैदेशीक रोजगार विभागले अहिले अनलाईनबाटै श्रमिकहरुलाई पुन: श्रम स्विकृती प्रदान गरेको छ, तर बायोमेट्रिक नहुनेले भने भौतिक रुपमा उपस्थित भएर बायोमेट्रिक दिनुपर्ने छ । यसका लागि हप्ताको १ दिन बुधबार वैदेशिक रोजगार विभाग ताहाचल खुल्ने छ ।

• खाडी र मलेसियाबाट नेपाल आउँदा अनिवार्य ५ दिन होटल क्वारेन्टाइन बस्नु पर्नेछ भने, अन्य देशबाट आउँदा १० दिन होटल क्वारेन्टाइनमा बस्नुपर्ने छ । क्वारेन्टाइन बसाईको खर्च दैनिक ३ हजार देखि माथि पर्न जान्छ ।




### यूएई:

• कुनै प्रकारका समारोह तथा प्रदर्शनीमा जान अनिवार्य कोभिड -१९ को भ्याक्सिन लगाएको हुनुपर्ने छ ।

• लक गरेर बालकालिकालाई गाडी भित्र छोडेमा १० वर्ष जेल सजाय र १० लाख दिरहाम सम्म जरिवाना लाग्ने छ ।

• अबुधावीमा नयाँ भिषाको लागि अनिवार्य मेडिकल टेस्ट गराउनु पर्ने छ । नेगेटीभ रिपोर्ट आएको हकमा मात्र भिषा प्रोसेस हुने छ ।

### कुवेत:

• कुवेतको भिषा भएका र कम जोखिम भएका राष्ट्रका आप्रवासीहरुलाई कुवेतमा लगाइने ५ प्रकारका खोपहरु (AstraZenca, Oxford, Pfizer, Moderna and Johnson & Johnson) मध्येबाट घटिमा एक डोज खोप लगाएकालाई कोटा प्रणालीमा कुवेत फर्काउने तयारी हुँदैछ ।

• कुवेत अन्तरराष्ट्रिय एयरपोर्टमा जुन १ बाट आउने यात्रीलाई २ केडी र कुवेत छोड्ने यात्रीलाई ३ केडी एयर्पोर्ट शुल्क लिन शुरु गरेको छ । टिकट काट्दा नै यात्रिले ट्राभल मार्फत उक्त शुल्क तिर्नुपर्ने छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ। LIVE

## २४ सै घण्टा बिरामीको सेवामा खटिने स्वास्थ्यकर्मी आफू संक्रमित हुँदा एक्लै

कोभिड - १९ को पहिलो लहरको संक्रमण विश्वव्यापी रुपमा फैलिएसँगै अर्काको देशमा रोजगारी गरिरहेका नेपाली स्वदेश फर्किनथाले । विशेष गरेर भारतबाट सिमानाकाहुँदै नेपाल प्रवेश गर्नेको भिड थामिनसक्नु थियो । तिनै नाका मध्येको एउटा नाका हो, धनगढीको गौरिफन्टा । त्यहाँ स्थापना गरिएको हेल्थडेस्कमा चौबिसै घण्टा खटिने स्वास्थ्यकर्मी मध्ये एक जना स्वास्थ्यकर्मी हुन्, धनगढी उप-महानगरपालिकामा अहेबका रुपमा कार्यरत दिपक सुनार ।

नयाँ किसिमको संक्रमण एक्कासी फैलिँदा आवश्यक पूर्वाधारको कमि भएकाले थोरै जनशक्तिले धेरै काम गर्नुपर्ने थियो । थोरै जनशक्तिले हजारौंको संख्यामा प्रदेश भित्रिने मानिसहरुको पि.सि.आर. परीक्षण देखि क्वारेन्टाइन व्यवस्थापन लगाएतका काम गर्नुपर्ने बाध्यता थियो । उनी भाडाको कोठामा बस्दथे ।

**दिनभरी काम गरेर राती कोठामा फर्किदा कोठाभाडा नदिएको र आफूहरुलाई कोरोना सार्ने भन्दै उनलाई घरबेटीले कोठाबाट निकाले । अरु ठाउँमा कोठा खोज्दा कसैले कोठा नदिने र कोठा पाए पनि भाडा तिर्न पैसा नभएपछि उनी विभिन्न विद्यालयहरुमा बनाईएका क्वारेन्टाइनमै बिरामीसँगै बसेर सेवामा खटिन थाले ।**






पहिलो लहरको कोरोना बिस्तारै कम हुँदै गर्दा दोस्रो लहरको संक्रमण एक्कासी भयावह रुपमा फैलियो । फेरी प्रदेश भित्रनेहरुको संख्या बढ्न थाल्यो । संक्रमित हुने र मृत्युहुनेहरुको दर पनि दिन प्रतिदिन बढ्न थाल्यो । यही लहरमा उनी पनि संक्रमित हुनपुगे । परिवारको साथ र सहयोग चाहिनेबेलामा उनी २० दिन बन्द कोठामा एक्लै बसे । त्यसले उनलाई मानसिक तनाब दियो । ३ पटक सम्म पि.सि.आर परीक्षण गरेपश्चात रिपोर्ट नेगेटीभ आयो । निकोभएको दोस्रो दिनबाटै आफ्नो काममा फर्किए । फेरी पनि बिरामीको सेवामा खटिँदा मानसिक तनाव बिर्सिए ।

आफ्नो ज्यानको प्रवाह नगरी बिरामीको सेवामा खटिने दिपक सुनार सिमित जनशक्ति र पूर्वाधारका कारण पि.सि.आर. रिपोर्ट ढिलो आउँदा बिरामीका आफन्तको आक्रमणबाट समेत झण्डै झण्डै जोगिए । तरपनि, उनको बिरामीको सेवामा दिनरात खटिने मनोबलमा कमी आएको छैन । अहिले उनी नियमित रुपमा धनगढी उप-महानगरपालीकाका १९ वटै वडाहरुमा होम आईसोलेशनमा बसेकाहरुको घर-घरमा गएर आवश्यक पर्ने औषधी पुऱ्याईरहेकाछन् ।

# भोइसेस आउट लाउड - मेरो कुरा



## दलबहादुर लामा (डिबि)

अध्यक्ष,
रोशी गाउँपालिका, काभ्रे

गत वर्षबाट हामीले केहि पाठ सिके पनि दोस्रो चरणमा भनिएको जस्तो काम भने गर्न सकिएको छैन । तयारी गर्दागर्दै पनि गाउँ-गाउँमा संक्रमण धेरै देखिन थालेको छ । यो अवस्थामा केन्द्र, प्रदेश र स्थानीय सरकारहरूले न्युनिकरणको लागि काम गरिरहेकै छन्, तर कोरोना बिरुद्ध गरिदै आएका प्रयासहरु भनिए जस्तो सफल भएका छैनन् । यो अनिश्चित र रुप फेरिरहने भएकोले जनमानसमा लामो समयसम्म असर गर्नसक्छ, त्यसैले पनि आम समुदायले यो महमारी विरुद्ध एक जुट भएर लड्नु पर्ने देखिन्छ।

कोभिडको पहिलो र दोस्रो लहरमा धेरै नै फरक अनुभव भइहेको छ । पहिलो लहरमा त्यती ठुलो संख्यामा संक्रमितको ज्यान गएको थिएन । तर, अहिले स्थिती भयावह बनेको छ । अस्पतालमा अक्सिजनको अभावका कारण बिरामीले मलाई बचाउ भन्दा पनि केहि गर्न नसक्ने अवस्था छ । अहिले एक हप्ता यता भने, अस्पतालमा आइ.सि.यु. र भेन्टिलेटर खाली हुँदै गएका छन् । बिस्तारै संक्रमण कम हुँदै गएको हो कि भन्ने अनुभूती भएको छ । तर, भाईरसले कतिखेर के रुप लिन्छ भन्ने थाहा नभएकोले सावधानी अपनाउन भने उत्तिकै जरुरी छ ।

## अनु अधिकारी

आइ.सि.यु. ईन्चार्ज,
गण्डकी मेडिकल कलेज, पोखरा



# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**

- Facebook: @CivicActionTeams
- Instagram: @civacts
- Twitter: @CivActs
- YouTube: Civic Action Teams
- SoundCloud: /accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219